आज मिति २०८२ पौष १६ गते बुधवारको दिन विहान ९.०० बजे यस परिवर्तन गाउँपालिकामा दोस्रो कार्यकालको लागि निर्वाचित भई आए पश्चात गाउँकार्यपालिकाको ५४ औ बैठक गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पदाअधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री सुक बहादुर बुढामगर | गा.पा.अध्यक्ष | अध्यक्ष | |
| २ | श्री कलादेवी खत्रिनी | गा.पा.उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मैते बुढामगर | १नं.वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री हरिप्रसाद बुढामगर | २नं.वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री खिम विक्रम चन्द | ३नं.वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मानसिं बुढा | ४नं.वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री दिल बहादुर वली | ५नं.वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री भरत कुमार बुढा | ६नं.वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री उत्सिपा वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री जुनो कुमारी बुढामगर | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री फर्मिला महर | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मोहविर वि.क | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री थमे कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री निम बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित

- श्री ललित कुमार बुढामगर-सहायक प्रशासकीय अधिकृत
- श्री हरिष चन्द्र डाँगी -सहायक लेखा अधिकृत
- श्री नोखिराम डाँगी-का.स.

**मिति २०८२/०९/१६ गते बसेको ५४ औ कार्यपालिका बैठकका निर्णयहरु :**

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा

२ सघीय समपुरक र विशेष अनुदानका योजना छनौट सम्वन्धमा,

३ कृषि उपजको समर्थन मुल्य सम्वन्धमा,

४ विषादि,घन र करेन्टको माध्ययामवाट माछा मार्ने कार्य रोक्ने सम्वन्धमा

५ नव प्रवर्द्धन साझेदारी योजना छनौट सम्वन्धमा,

६ वहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत सम्वन्धमा

७ लघु उद्यम विकास समिति गठन सम्वन्धमा

८ घ इजाजत निर्माण सेवा सम्वन्धमा

९ वाल साहित्य सम्मेलनको लागि आर्थिक सहयोग सम्वन्धमा

१० पशु र कृषि प्राविधिकहरुको फिल्ड भत्ता सम्वन्धमा

११ कृषि प्राविधिक विज्ञापन सम्वन्धमा

१२ लिलाम विक्री गर्ने सम्वन्धमा,

१३.. आर्थिक सहायता सम्वन्धमा,

१४ विविध सम्वन्धमा ।

**निर्णय नं.-१**

यस परिवर्तन गाउँपालिकाको आ.व.२०८२/०८३ को मंसिर महिनामा गरिएको गाउँकार्यपालिकाको निर्णयहरु कार्यन्वयन भए नभएको सम्वन्धमा छलफल गर्दा सन्तोष जनक रुपमा कार्यन्वयन भएको समिक्षा गरियो ।

**निर्णय नं.-२**

सघीय समपुरक अनुदान अन्तरगतका यस परिवर्तन गाउँपालिकाले तपसिल बमोजिमको आयोजना हरुलाई राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौमा माग प्राथमिकताकरण गरी आ.व.२०८३/०८४ कार्यन्वयन गर्ने गरी गर्ने निर्णय गरियो ।

| क.स. | योजनाकोनाम | ठेगाना | आयोजनाको कुल अनुमानित लागत रकम | संघीय समपुरक अनुदान | गाउँपालिका समपुरक | जम्मा समपुरक रकम |
|---|---|---|---|---|---|---|
| १ | डाँडागाउ मालेमारे पुतलाचौर मौलाबोट जुमाराडसी पुर्वी रुकुम सडक | परिवर्तन २ र ५ रोल्पा | १,४९,२४,११,९५०। | १ करोड ६० लाख | ४० लाख | २ करोड |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | बागमारा आग्र गाउँडेरा हुदै जिलाधुरी रुकुम पश्चिम जोड्नेसडक | | ४३,९६,६०,६३९। | ८० लाख | २० लाख | १ करोड |
| ३ | बागमारा-थुनिकोट सडक | | २९,०९,१३,२९५। | ८० लाख | २० लाख | १ करोड |

संघीय **विशेष अनुदान** अन्तरगतका यस परिवर्तन गाउँपालिकाले तपसिल वमोजिमको आयोजना हरुलाई प्राथमिकताकरण गरी आ.व.२०८३/०८४ कार्यन्वयन गर्ने गरी राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाण्डौमा माग गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाकोनाम | ठेगाना | आयोजनाको कुल अनुमानित लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दहगैरा टङलाङ लिफ्ट खानेपानी आयोजना | परिवर्तन १ रोल्पा | ४,७७,४९,४५४। | |
| २ | भुतखोला छिर्ने पाथीहाल्ने लिफ्ट खानेपानी आयोजना | परिवर्तन-१ र २ रोल्पा | ३,१४,८१,९९६। | |
| ३ | १५ शैया अस्पतालमा आवश्यक पर्ने स्वास्थ्य सामाग्री | परिवर्तन-६रोल्पा | ३,००,००,०००। | |

**निर्णय नं.-३**

परिवर्तन गाउँपालिका भित्र रहेका खोलाहरुमा विषादि,घन र करेन्ट प्रयोग गरि माछा मार्ने कार्यले माछाका भुरा नष्ट हुने भएको हुँदा यस्ता कार्य नगर्न नगराउनको लागि नेपाल प्रहरी,नगर प्रहरीहरुलाई पत्राचार गरी रोक्न लगांउने र वडाहरुमा सूचना पठाउने निर्णय गरियो ।

**निर्णय नं.-४**

परिवर्तन गाउँपालिकाभित्र कृषि उपजका मालसामानहरुलाई उचित मुल्यमा विक्रि वितरण गर्नको लागि न्युनतम मुल्य निर्धारण गर्न वडाहरुमा छलफल गरि अर्को गाउँकार्यापालिका वैठकको निर्णय अनुसार मुल्य समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-५**

परिवर्तन गाउँपालिकाको आर्थिक विकास,युवा रोजगार सृजना,स्वरोजगार र स्थानीय सेवा प्रवाहका क्षेत्रलाई नव प्रर्वतनलाई प्रवर्द्धन गर्नको लागि प्रविधिमा आधारित शिक्षा क्षेत्र छनौट गरि कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६**

परिवर्तन गाउँपालिकाको वहुक्षेत्रिय पोषण कार्यक्रम आ.व.२०८२।०८३ को वार्षिक योजना तथा कार्यक्रम देहायवमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.-७**
परिवर्तन गाउँपालिकाको उद्यम विकास कार्यक्रम संचालनको लागि देहाय वमोजिमको लघु उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।
१.श्री सुक बहादुर बुढामगर- संयोजक
२.श्री निम वहादुर के.सी.-सदस्य
३.श्री मानसिं बुढा-सदस्य
४.श्री हुमा कुमारी शर्मा-सदस्य
५.श्री मोटिकला खत्री -सदस्य
६.श्री रोशनी बुढा थापामगर-सदस्य
७.श्री झक्कु डाँगी-सदस्य सचिव

**निर्णय नं.-८**

परिवर्तन गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि २०७५ को दफा १० वमोजिम इजाजत पत्र प्रदानको लागि प्राप्त दरखास्तलाई गाउँकार्यपालिकाको वैठकमा पेश गर्दा घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गर्ने निर्माण व्यवसायीहरुको आवश्यक कागजात सम्वन्धि रित पुगेकोले तपसिलका निर्माण व्यवसायीहरुलाई घ वर्गको ईजाजत पत्र उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | दरखास्त वाला निर्माण व्यवसायको नाम | प्रोपाइटरको नाम | ठेगाना |
|---|---|---|---|
| १ | डि.जि.एम.विल्डर्स प्रा.लि. | गोविन्द वहादुर वली | परिवर्तन -३ रोल्पा |

**निर्णय नं.-९**
नेपाल वाल साहित्य समाजले वाल साहित्य सम्मेलन गर्नका लागि निवेदन पेश गरेको हुँदा वाल साहित्य सम्मेलन प्रयोजनको लागि विविध खर्चवाट रु ४०,०००। आर्थिक सहयोग गर्ने निर्णय गरियो ।साथै सन स्टार युवा क्लव लिवाङ रोल्पाले वृहत औद्योगिक,सास्कृतिक,कृषि सम्वन्धि प्रवर्द्धन गर्न महोत्सव आयोजना गरेकोले विविध खर्च शिर्षकवाट रु ४०,०००। भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१०**
परिवर्तन गाउँपालिका पशु शाखामा कार्यरत पशु प्राविधिकहरु पशु चौपायहरु विरामी हुदा जुनसुकै वखत फिल्डमा गई उपचार गर्नुपर्ने भएकोले पशु प्राविधिक श्री खम वहादुर वली,श्री शेर वहादुर वली र श्री प्रसन्न घर्तिलाई अर्को व्यवस्था नभए सम्मको लागि मासिक रुपमा रु ५,०००। अक्षरुपी पाँच हजार रुपैया मात्र । फिल्ड भत्ता उपलव्ध ,गराउने निर्णय गरियो । साथै कृषि प्राविधिकहरुले पनि फिल्डमा गई कृत्रिम गर्भाधान गराए वापत गाई,भैसीको रु ७००। र वाखाहरुको लागि रु ५००। सेवा

शुल्क लिई रु १०० र रु ५० राजश्व खातामा जम्मा गराउने निर्णय गरियो । साथै कृषि प्राविधिकहरुका लागि श्री विपना घर्तिमगर र श्री पवित्रा रोकामगरलाई चौमासिक रुपमा रु १०,०००। अक्षरुपी दश हजार रुपैया मात्र। फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-११**

परिवर्तन गाउँपालिका वडानं.४ मा कार्यरत कृषि प्राविधिक श्री पुजना बुढामगरले राजिनामा दिई गएकोले रिक्त स्थानमा पद पुर्तिका लागि कृषि प्राविधिक चौथो तहको विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१२**

परिवर्तन गाउँपालिका कार्यालयमा भएको सवारी साधनहरु पुरानो तथा मर्मत गर्न धेरै रकम लाग्ने जस्ता देहायको सवारी साधनहरुलाई लिलाम विक्रीको प्रक्रियामा अगाडी वढाउने निर्णय गरियो ।

| क्र.स. | सवारी साधनको नाम | नम्वर | कैफियत |
|---|---|---|---|
| १ | एम्वुलेन्स | रा १ भ्क १६३ | |
| २ | मोटरसाइकल FZ | रा १ व ५३६ | |
| ३ | मोटरसाइकल FZ | रा १ व ५४२ | |
| ४ | मोटरसाइकल FZ | रा १ व ७३८ | |
| ५ | मोटरसाइकल FZ | रा १ व ९८३ | ३ नं.वडा |
| ६ | मोटरसाइकल FZ | रा १ व ६६२ | |
| ७ | मोटरसाइकल पल्सर | रा १ व ३८९ | १ नं.वडा |

**निर्णय नं.-१३**

परिवर्तन गाउँपालिकाको अस्थायी/करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि सामाजिक सुरक्षा कोष संचालन कार्यविधि,२०८२ स्वीकृत गरियो । उक्त सामाजिक सुरक्षा कोष संचालन कार्यविधि,२०८२लाई कार्यन्वयनमा लग्ने निर्णय गरियो ।

**निर्णय नं.-१४**

लुम्विनी प्रदेशवाट विनियोजन भएको सिमखोला चप्का कर्तम भंगाली चावाङ,खल्डाडा,नौडाडा,थानेकोट गुराँसे हुदै गंगादेव गा.पा.जोड्ने मोटरवाटो ट्याक खोल्ने योजना परिवर्तन ६ रोल्पाको लागि रु २०,००,०००। विनियोजन भई सम्वन्धित स्थानमा पुरयाउनको लागि छिटो छरिटो हुने भएकोले यस योजनालाई कार्यन्वयन गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं.-१५
यस परिवर्तन गाउँपालिकामा आ.व.२०८२/०८३ मा वर्षादको समयमा विभिन्न स्थानमा पहिरो,हावाहुरी,चट्याङ र आगलागीवाट क्षति भएका तथा गाउँपालिका भित्रका समुदायहरुलाई क्यान्सर,मुटुको विरामी तथा अन्य विरामीहरुलाई आर्थिक कमजोरको कारण उपचारमा समस्या भएकाहरुलाई सहयोग स्वरुप आर्थिक सहायता उपलब्धको लागि यस गाउँपालिकामा राहत तथा आर्थिक सहयोग मागको लणगि पेस हुन आएको निवेदनहरुलांई यस गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ वमोजिम रु १०,०००। भन्दा कम भएको राहतलाई तोकआदेश अनुसार र रु दश हजार भन्दा माथिको राहत रकम गाउँकार्यापालिकाको वैठकले देहायको व्यक्तिहरुलाई देहायवमोजिमको राहत तथा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | निवेदनको किसिम | सहयोग रकम |
|---|---|---|---|---|
| १ | हर्कमान बुढामगर | परिवर्तन ४ रोल्पा | हर्कमान बुढामगरको भतिजा वर्ष १६ को चेतन वाठामगर भिरवाट लडेर चार दिन पछि अचेत अवस्थामा फेला परि राप्ती स्वास्थ्य प्रतिष्ठान दाङमा उपचार गरि रहेकोले आर्थिक सहयोग माग भई आएकोले आर्थिक सहयोग उपलब्ध गराइएको । | २५,०००। |
| २ | भिम कुमारी चन्द | परिर्तन ३ रोल्पा | भिम कुमारी चन्दको हात भाचियर नचल्ने भई आर्थिक कमजोरको कारण उपचार हुन नसकेकोले उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराइएको । | १०,०००। |
| ३ | कामना वली | परिवर्तन ५ रोल्पा | कामना वलीको भाई भुगोल वली मिति २०८२।०८।१९ गते लडेर ढाँड र मेरुदण्ड भाचिएकोले अप्रेसनको लागि आर्थिक सहयोग उपलब्ध गराइएको । | २५,०००। |
| ४ | मोहन वि.क. | परिवर्तन ५ रोल्पा | श्री आशाराम कामीलाई आफनो दुवै किड्नी फेल र कलेजो सवै डयामेज भई टिचिङ अस्पतालमा महारागन्ज काठमाण्डौमा उपचार गर्दै गर्दा आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग उपलब्ध गराइएको । | १२,०००। |
| ५ | अर्जुन कुमार घर्तिमगर | परिवर्तन ५ रोल्पा | अर्जुन कुमार घर्तिलाई अरिङगालले तोकेर दुवै किडनी डाइलोसिस अवस्था निकै कमजोर भएको हुँदा आर्थिक सहयोग उपलब्ध गराइएको । | १२,०००। |